KENTUCKY COURT OF JUSTICE
भाषा पहुँचसम्बन्धी कार्यालय
अदालतको प्रशासनिक कार्यालय

# तपाईँ र तपाईँको अदालती दोभाषे

# COVID-19 प्रकोपको समयमा सुरक्षित रहने तरिका

COVID-19 को आपतकालीन अवस्थामा अदालत तपाईँ, तपाईँको अदालती दोभाषे र अदालतका सबै जना सुरक्षित रहनुहोस् भन्ने चाहन्छ।

## तपाईँको दोभाषेले निम्न कार्यहरू गर्नुहुनेछ:

- मास्क लगाउने (साङ्केतिक भाषाका दोभाषेहरूले मास्क नलगाउन सक्छन्)
- सम्भव भएसम्म अरू व्यक्तिबाट कम्तीमा पनि 6 फिट टाढा रहने
- राम्रो सामाजिक दूरी कायम गर्नको लागि भाषा उल्था गर्न निजी क्षेत्रहरू खोज्ने
- सुरक्षित दूरीमा रहेर भाषा उल्था गर्नका लागि हेडसेट वा अन्य उपकरणको प्रयोग गर्ने
- अदालतका कर्मचारीहरूसँग मिलेर उपकरणहरू नि:सङ्क्रमण गर्ने
- अन्य मानिसले छोएका कागजपत्र छुँदा सावधान हुने

## तपाईँको दोभाषेले निम्न कार्य गर्नु हुनेछैन:

- तपाईँसँग हात मिलाउने
- थप गोप्य तरिकाले भाषा उल्था गर्नका लागि तपाईँको नजिक जाने
- तपाईँले प्रयोग गरेका कलम वा कागज प्रयोग गर्ने
- कुनै प्रमाण हेर्न वा अनुवाद गर्नका लागि समेत तपाईँको सेल फोन/मोबाइल यन्त्र छुने

## अदालतमा कसरी सुरक्षित रहने:

### गर्नुपर्ने कुरा:

- सधैँ कम्तीमा पनि 20 सेकेन्डसम्म आफ्नो हात साबुन पानीले धुनुहोस्:
  - तपाईँले आफ्नो नाक पुछेपछि, खोकेपछि, हाच्छ्युँ गरेपछि वा शौचालय प्रयोग गरेपछि; र
  - खाना खानुभन्दा पहिले वा बच्चालाई खुवाउनका लागि खानेकुरा तयार गर्नुभन्दा पहिले

### गर्न नहुने कुरा:

- हात मिलाउने, लिफ्टको बटन छुने, ह्यान्डरेल वा ढोकाको ह्यान्डल छुने नगर्नुहोस्। पन्जा वा टिस्यु प्रयोग गर्नुहोस् र प्रयोगपछि तिनलाई फ्याँक्नुहोस्
- कुनै वस्तुमा छोएपछि हात नधुन्जेल आफ्नो अनुहारमा छुने नगर्नुहोस् – विशेष गरी आफ्नो आँखा, नाक र मुखमा नछुनुहोस्
- हात नधोइकन आफ्नो आँखा, नाक र मुखमा हातले छुने नगर्नुहोस्

### निम्न अवस्थामा अदालतलाई आफ्नो तारिख सार्न भन्नुहोस्:

- तपाईँमा कोरोनाभाइरसका लक्षण देखिएका छन् वा तपाईँ कोरोनाभाइरसबाट निको हुँदै हुनुहुन्छ भने, वा
- कुनै स्वास्थ्यकर्मीले तपाईँलाई सेल्फ-क्वारेन्टाइनमा बस्न भनेका छन् भने

तपाईँको वकिल हुनुहुन्छ भने आफ्नो वकिललाई अदालतको तारिख सार्न भन्नुहोस्।